# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## विदेशी विनिमय व्यवस्थापन विभाग

इ.प्रा.परिपत्र संख्याः- ५४३ मिति :- २०६७/५/४

श्री नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्यालय लगायत सबै कार्यालयहरू तथा इजाजतपत्रप्राप्त “क” वर्गका बैंकहरू ।

**विषय :- सुन चाँदी आयात तथा बिक्री व्यवस्था सम्बन्धमा ।**

महाशय,

सुन चाँदी आयात तथा सोको बिक्री वितरण सम्बन्धमा देहाय बमोजिमको व्यवस्था लागू गरिएको हुँदा सोही वमोजिम गर्न/गराउनु हुन विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा १२ ले दिएको अधिकार प्रयोग गरी यो परिपत्र जारी गरिएको छ ।

१. सुन र चाँदीको आयात अबउप्रान्त बैंकहरूले मात्र गर्नु पर्नेछ । यस्तो आयात गर्दा नेपाल बैकर्स संघको सिफारिशमा दफा ३ बमोजिमको परिमाणका दरले मात्र आयात हुने व्यवस्था संघले मिलाउनु पर्नेछ ।

२. यस्तो आयात प्रतीतपत्र वा Stand By प्रतीतपत्र वा बैंक ग्यारेण्टी वा टि.टि. को माध्यमबाट गर्नु पर्नेछ । टि.टि. को माध्यमबाट आयात गर्दा यस बैंकको इ.प्रा.परिपत्र संख्या ३८५ बमोजिम तोकिएको अमेरिकी डलर २५,००० (पच्चीस हजार मात्र) को विद्यमान सीमा यस प्रयोजनको लागि लागू हुने छैन ।

३. यस प्रयोजनको लागि आयात गर्न सकिने दैनिक परिमाण सुनको हकमा १० (दश) किलोग्राम र चाँदीको हकमा १०० (एकसय) किलोग्राम हुनेछ ।

४. निर्धारित सीमाभित्र रही नेपाल बैंकर्स संघको सिफारिशमा आवश्यकता अनुसारको मितव्ययी परिमाण (Economic Size) मा सुन र चाँदी आयात गर्न सकिनेछ । अर्थात् दैनिक निर्धारित सीमाको परिमाणमा नबढ्ने गरी आवश्यकता अनुसार एकमुष्ट परिमाणमा समेत त्यस्तो आयात गर्न सकिनेछ ।

५. आयातको लागि तोकिएको परिमाण मुलुकभरको लागि भएकोले आयात हुने सुन चाँदी क्षेत्रगत रुपमा देहाय बमोजिम निर्धारित सीमा सम्बन्धित क्षेत्रमै बिक्री हुने गरी वितरण गर्ने व्यवस्था संघले मिलाउनु पर्नेछ ।

| क्षेत्र | बिक्री/वितरण गर्नु पर्ने परिमाण (प्रतिशतमा) |
|---|---|
| बागमती अञ्चल | ६० (साठी) |
| बागमती अञ्चल बाहेकका अन्य अञ्चलहरू | ४० (चालीस) |

क्रमशः

६. सुन चाँदी आयातको व्यवस्थापन गर्दा प्रत्येक पटकको सिफारिश पत्रमा अघिल्लो पटक सिफारिश गर्दाको परिमाण तथा सिफारिश भए पछिको कूल परिमाण र कुन मिति सम्मको लागि सिफारिश भएको हो ? सो समेत खुलाई सोको जानकारी यस विभागलाई समेत नियमित रुपमा उपलव्ध गराउनु पर्नेछ ।

७. प्रत्येक क्षेत्रमा सुन र चाँदी बिक्री गर्दा व्यवसायिक संघहरूले सीमाभित्र रही अख्तियार प्राप्त पदाधिकारी/व्यक्तिले गर्ने सिफारिशको आधारमा बिक्री गर्नु पर्नेछ ।

८. क्षेत्रगत सीमा अनुसार सोही क्षेत्रमा उपलव्ध गराउनु पर्ने सुन चाँदीको परिमाण बैंकहरूले उपलव्ध गराउन सक्ने न्यूनतम परिमाण अनुरुप नभई खण्डित परिमाणमा आएमा नजिकको न्यूनतम परिमाणमा परिवर्तन गर्न सकिनेछ ।

९. व्यवसायी संघहरुले सुन र चाँदीको बिक्रीको लागि सिफारिश गर्दा देहाय बमोजिम गर्नु पर्नेछ :-

(क) बैंकबाट सुन र चाँदी खरिद गर्ने प्रयोजनको लागि व्यवसायी संघहरुले आ-आफ्नो लागि निर्धारित सीमाभित्र रही सिफारिश गर्नु पर्नेछ ।

(ख) व्यवसायी संघहरूको तर्फबाट सिफारिश गर्न अख्तियार प्राप्त पदाधिकारी/व्यक्तिहरूको नाम, ठेगाना, सम्पर्क टेलिफोन नं र दस्तखत नमूना सहितको विवरण सम्बन्धित बैंकहरूलाई उपलव्ध गराउनु पर्नेछ ।

(ग) व्यवसायी संघहरूले सिफारिश गर्न सक्ने सीमा देहाय बमोजिम निर्धारण गरिएकोछ :-

(१) बागमती अञ्चल क्षेत्रको लागि तल उल्लिखित व्यवसायी संघहरूले माथि दफा ५ मा उल्लिखित क्षेत्रगत सीमा अनुसार कायम हुने परिमाणको देहाय बमोजिमको प्रतिशतको सीमाभित्र पर्ने गरी सिफारिश गर्नु पर्नेछ :-

| व्यवसायी संघ | सिफारिश गर्न सक्ने सीमा |
|---|---|
| नेपाल सुन चाँदी व्यवसायी संघ | क्षेत्रगत सीमाको ५० (पचास) प्रतिशत |
| नेपाल रत्न तथा आभुषण संघ | क्षेत्रगत सीमाको २५ (पच्चीस) प्रतिशत |
| नेपाल सुन चाँदी कला व्यवसायी संघ | क्षेत्रगत सीमाको २५ (पच्चीस) प्रतिशत |

(२) बागमती अञ्चलको क्षेत्र बाहेकको क्षेत्रको लागि सम्बन्धित क्षेत्रस्थित सुन चाँदी व्यवसायीको संघले मुलुकभरको क्षेत्रको पायक पर्ने स्थानमा नेपाल बैंकर्स संघले तोकेका बैंकसँग समन्वय गरी सिफारिश गर्ने प्रयोजनको लागि आधिकारिक प्रतिनिधि नियुक्त गर्नु पर्नेछ । यस्तो प्रतिनिधि नियुक्त गरेको जानकारी यस बैंक र नेपाल बैंकर्स संघलाई समेत दिनु पर्नेछ ।

क्रमश:

(३) बागमती अञ्चलको क्षेत्र बाहेक अन्य क्षेत्रको लागि सुन चाँदी व्यवसायीको संघले क्षेत्रगत रुपमा नियुक्त गरेको प्रतिनिधिले माथि दफा ५ मा उल्लिखित क्षेत्रगत सीमा अनुसार हुने परिमाणमा ननाघ्ने गरी सिफारिश गर्नु पर्नेछ ।

(४) व्यवसायी संघ/ प्रतिनिधिले सिफारिश गर्दा प्रति व्यवसायी सुनको हकमा बढीमा १ (एक) किलोग्राम र चाँदीको हकमा बढीमा ५ (पाँच) किलोग्रामको सीमाभित्र रही सिफारिश गर्नु पर्नेछ ।

(५) यस्तो सिफारिश प्यानमा दर्ता भई गरगहना, आभूषण, कलात्मक वस्तु लगायतका सामान बनाउने सुन चाँदी व्यवसायीको नाममा मात्र गर्नु पर्नेछ । अर्थात् कोरा सुन चाँदी मात्र बिक्री गर्ने व्यवसायीको नाममा सिफारिश गर्न पाइने छैन ।

(६) तोकिएको सीमाभित्र रही बैंकले उपलव्ध गराउन सक्ने न्यूनतम परिमाणको लागि एकभन्दा बढी व्यवसायीको नाममा समेत संयुक्तरुपमा सिफारिश गर्न सकिनेछ ।

(७) खरीदका लागि आवेदन दिने व्यवसायीको नाममा क्रमैसँग सिफारिश गर्नु पर्नेछ । अर्थात, आवेदन दिने तल्लो क्रममा रहेका व्यवसायीले सिफारिश नपाई माथिल्लो क्रममा रहेका व्यवसायीको लागि दोश्रो सिफारिश गर्न पाइने छैन ।

(८) सुन चाँदी खरीद गर्ने व्यवसायीले आफूले खरीद गरेको सुन चाँदी उपयोग गरी गरगहना, आभूषण, कलात्मक वस्तु तयार गरी बिक्री गरेको परिमाणको बिल विजक सहितको विवरण तयार गरी अर्कोपटक सिफारिश लिने समयमा आवेदनसाथ बुझाउनु पर्नेछ र यस्तो विवरणको अभिलेख आफूले पनि राखी निरीक्षण/अनुसन्धान गर्ने निकायले माँग गरेको समयमा उपलव्ध गराउनु पर्नेछ ।

(९) प्रत्येक पटक सिफारिश गर्दा अघिल्लो पटक खरीद गरेको सुन चाँदीको उपयोग गरी बिक्री गरेको विवरण नबुझाउने र खरीद गरेको परिमाणको ७५ (पचहत्तर) प्रतिशतभन्दा कम उपयोग/बिक्री भएको विवरण पेश गर्ने व्यवसायीको नाममा सुन चाँदी खरीदको सिफारिश गर्न पाइने छैन ।

१०. बैंकहरूले आयात गरेको सुन र चाँदी दुवैको लागत मूल्य र बिक्री मूल्य स्पष्ट देखिने गरी अभिलेख तयार गरी राख्नु पर्नेछ ।

क्रमशः

११. आयात भएको र बिक्री भएको सुन चाँदीको मासिक विवरण यसैसाथ संलग्न नमूना बमोजिमको फाराममा प्रत्येक बैंकले यस विभागमा महिना सकिएको १५ दिनभित्र उपलब्ध गराउनु पर्नेछ ।

१२. यस बैंकबाट मिति २०६३/१२/११, २०६४/४/२९, २०६६/१२/२०, २०६६/१२/३१, २०६७/२/२४ तथा २०६७/३/१७ मा जारी गरिएका इ.प्रा.परिपत्र संख्या क्रमशः ३९०, ४५९, ५२२, ५२६, ५३० र ५३३ खारेज गरिएका छन् ।

भवदीय,

(भाष्करमणि ज्ञवाली)
कार्यकारी निर्देशक

**बोधार्थः**

१. श्री गभर्नरको कार्यालय ।
२. श्री डेपुटी गभर्नरको कार्यालय ।
३. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, आ.का.वि.तथा.नि.वि.महाशाखा, सिंहदरवार, काठमाण्डौ ।
४. श्री नेपाल सरकार, अर्थ मन्त्रालय, भन्सार विभाग, त्रिपुरेश्वर, काठमाण्डौं ।
५ श्री बैंक तथा वित्तीय संस्था नियमन विभाग ।
६. श्री बैंक सुपरिवेक्षण विभाग ।
७. श्री आन्तरिक लेखा परीक्षण विभाग ।
८. श्री सूचना प्रविधि विभाग :- यस विभागको वेभ साइटमा राखिदिनु हुन ।
९. श्री नेपाल बैंकर्स संघ, हेरिटेज प्लाजा, काठमाण्डौ ।
१०. श्री नेपाल सुन चाँदी व्यवसायी संघ, क्षेत्रपाटी, काठमाण्डौं ।
११. श्री नेपाल रत्न तथा आभूषण संघ, गणबहाल, काठमाण्डौं ।
१२. श्री नेपाल सुन चाँदी कला व्यवसायी संघ, डिल्लीबजार, काठमाण्डौं ।

(इ.प्रा.परिपत्र संख्या ५४३ को प्रयोजनका लागि)

..............बैंक लिमिटेड

...........................

सुन चाँदी आयात तथा बिक्रीको मासिक विवरण

अवधिः- ......................देखि ...................सम्म

मिति :-................................

| **आयात गरेको** | | | | **बिक्री गरेको** | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | रकम | | | | | | |
| मिति | परिमाण | वि.मु.मा | ने.रु.मा | मिति | व्यवसायीको नाम | प्यान नं. | परिमाण | रकम रु. |
| | | | | | | | | |

विवरण प्रमाणित गर्नेको,

(दस्तखत)
नामः-
पदः-